# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### निक्षेप संकलन उपकरण सम्बन्धी कार्यविधि

(क) निक्षेप संकलन गरिने रकम खुला बजार कारोबार संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) निक्षेप संकलन गरिने रकम आव्हानको सूचना नेपाल राष्ट्र बैंकको वेवसाईट मार्फत दिईनेछ ।

(ग) बोलपत्र फारामको नमूना यसै कार्यविधि साथ संलग्न भए बमोजिम हुनेछ ।

(घ) निक्षेप संकलनको बोलकबोल बहुब्याजदर प्रणालीमा गरिनेछ ।

(ङ) निक्षेप संकलन बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिमका काउण्टरपार्टीहरु ("क", "ख" र "ग" बर्गका बैंक तथा वित्तीय संस्था) ले मात्र सहभागी हुन पाउने छन् ।

(च) काउण्टरपार्टीहरुले बोल फाराममा आफूले निक्षेप वापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

(छ) निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बाँडफाँड गर्दा बोल बमोजिमको ब्याजदर अनुसार सवभन्दा कम बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँड गरिनेछ ।

(ज) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरुको रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी भएमा Pro-rata basis मा बाँडफाँड गरिनेछ ।

(झ) खुला बजार कारोबार संचालन समितिले Cut-off rate निर्धारण गर्न सक्नेछ र सोभन्दा बढी ब्याजदरको निक्षेप स्वीकार गर्ने वा नगर्ने अधिकार समितिसँग सुरक्षित रहनेछ ।

(ञ) आव्हान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहनेछ ।

(ट) स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी लिनेछ र बैंकमा संकलित निक्षेपको अलग्गै खाता खोली जम्मा गर्नेछ ।

(ठ) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्कासन गरिने दिनमा मौज्दात पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाईनेछ ।

(ड) संकलित निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याज सहित निक्षेप रकम सम्बन्धित बैंकको खातामा जम्मा गरि दिनेछ ।

(ढ) निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाईने छैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा उक्त रकम गणना गर्न पाइनेछ ।

(ण) निक्षेप संकलन उपकरण न्यूनतम बोल मूल्य रु.५ करोड र ५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(त) संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन ।

(थ) निक्षेप संकलन उपकरण प्रयोग गर्नको लागि सुरक्षणपत्र धितो राख्न नपर्ने व्यवस्था रहेको छ ।

(द) निक्षेप संकलन उपकरणका प्रक्रियाहरु रिभर्स रिपो कै मोडेलमा हुने छन् ।

(ध) निक्षेप संकलन बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीहरुलाई सो को निस्सा (प्रमाणपत्र) यस विभागले यसैसाथ संलग्न ढाँचा अनुसार दिने व्यवस्था गरिएको छ ।

नोटः- श्रीमान् गभर्नरज्यूबाट मिति २०७१।४।१८ मा स्वीकृत भई लागू भएको ।

नेपाल राष्ट्र बैंक

निक्षेप संकलन बोलकबोल

# बोलपत्र फाराम

निक्षेप संकलन गरिने मितिः ...................... भुक्तानी मितिः .......................... दिनः ........

निक्षेप संकलनका लागि आव्हान गरिएको कुल रकमः ................................

नेपाल राष्ट्र बैंक,
राष्ट्र ऋण व्यवस्थापन विभाग,
थापाथली, काठमाडौ ।

कोड नं. .....................

त्यस विभागले मिति ............................... मा निक्षेप संकलन गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा निक्षेप (deposit) स्वीकार गरि दिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः- | | | | | | | | | |

उपरोक्त ब्याजदरको आधारमा निक्षेप संकलनको बोलपत्र स्वीकृत भएमा उपरोक्त रकम नेपाल राष्ट्र बैंक, .............कार्यालयमा रहेको यस बैंकको खाता नं. ...............................बाट हिसाव मिलान गर्नु हुन अनुरोध छ । निक्षेप संकलन फछ्र्यौट हुने दिनमा निक्षेप रकम र सोको ब्याज बापतको रकम सोही खातामा जम्मा गरी दिनु हुन पनि अनुरोध छ । साथै, बोलपत्र स्वीकृत भएपछि आवश्यक्तानुसार उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना बापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन समेत अनुरोध गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नामः

ठेगानाः

छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)

(२)

निक्षेप संग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, सिंहमहल,
थापाथली, काठमाडौं
फोन: ४१०१७३७/४१०१७३९/
४१०१७३८/४१०१७४१
फ्याक्स: ४२५४१७०
Email: pdm@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स: १०५५

पत्रसंख्या: राऋट्रे ........./०७१/७२

मिति: २०७../.../...

**सि.नं. .............**

श्री ..........................................

विषय: निक्षेप संकलनको Advice ।

महाशय,

यस बैंकको पहलमा खुला बजार कारोबार संचालन समितिको मिति २०७.../.../... को निर्णय बमोजिम आव्हान गरिएको रु. ..... करोडको निक्षेप संकलन बोलकबोल अनुसार त्यस बैंकको तपसिल अनुसारको निक्षेप स्वीकार गरिएको छ ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. | अवधि | : | ... ... |
| २. | निक्षेप संकलन मिति | : | २०७.../.../... |
| ३. | भुक्तानी मिति | : | २०७.../.../... |
| ४. | साँवा रकम | : | रु. ....... करोड |
| ५. | ब्याज रकम | : | रु. ............ |
| ६. | शर्त तथा सुविधा | : | (क) यो Advice भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रुपमा प्रयोग गर्न सकिने छ ।<br>(ख) भुक्तानी मितिका दिन त्यस बैंकको खातामा उपरोक्तानुसारको साँवा तथा ब्याज रकम जम्मा भए पछि यो Advice स्वत: रद्द हुनेछ । |

भवदीय,

कार्यकारी निर्देशक